# स्नातक तहका कथामा उद्भावनात्मक सन्दर्भ
# (Ideational Context in Graduate Level Fiction)

**केशव भुसाल**[१]


## लेखसार

प्रस्तुत लेख स्नातक तहमा समावेश गरिएका कथाहरूमा निहित उद्भावनात्मक सन्दर्भको अध्ययनमा आधारित रहेको छ । स्नातक तहमा समाविष्ट कथामा निहित उद्भावनात्मक सन्दर्भको अध्ययन गर्नु, निर्दिष्ट कथामा व्यवहृत उद्भावनात्मक सन्दर्भको प्रकृति विश्लेषण गर्नु, कथामा प्रस्तुत उद्भावनात्मक सन्दर्भको तुलनात्मक स्थिति समीक्षण गर्नु यस लेखका मुख्य उद्देश्यका रूपमा रहेका छन् । प्रस्तुत लेख गुणात्मक अनुसन्धानमा आधारित रहेको छ । यस लेखमा पुस्तकालयीय कार्यका माध्यमबाट आवश्यक सामग्रीहरूको सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा उद्भावनात्मक सन्दर्भका बारेमा सैद्धान्तिक चर्चा गरिएका सैद्धान्तिक सामग्रीहरूलाई मुख्य सामग्रीका रूपमा उपयोग गरिएको छ । यस अध्ययनका आधारमा स्नातक तहका कथाहरूमा राजनीतिक र यौनमनोवैज्ञानिक उद्भावनात्मक सन्दर्भको प्रयोग गरिएको, यौनमनोवैज्ञानिक उद्भावनात्मक सन्दर्भका तुलनामा राजनीतिक उद्भावनात्मक सन्दर्भको अधिकाधिक प्रयोग गरिएको, एकै प्रकृतिको उद्भावनात्मक सन्दर्भमा आधारित कथाहरू समावेश गरिनु उपयुक्त नभएको लगायतका निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनले स्नातक तहमा समावेश गरिएका कथाका कथाकार, अध्यापनरत शिक्षक, अध्ययनरत विद्यार्थीका अतिरिक्त यस क्षेत्रमा अध्ययन गर्न चाहने जोकोहीलाई आवश्यकीय ज्ञान प्राप्त गर्न सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ ।


***मुख्य शब्दावली :*** स्नातक तह, स्नातक नेपाली, उद्भावनात्मक सन्दर्भ, राजनीतिक उद्भावनात्मक सन्दर्भ, यौनमनोवैज्ञानिक उद्भावनात्मक सन्दर्भ

## विषय परिचय

कथा साहित्यको आख्यानात्मक विद्या हो । साहित्यका गद्य, पद्य, दृश्य आदि भेदमध्ये कथालाई गद्य भेदअन्तर्गत लिइन्छ । कथामा जीवनजगत्‌मा घटेका घटनाहरूलाई सुन्दर रूपमा प्रस्तुत गरिएको हुन्छ । कथा रचनाका लागि कथावस्तु, पात्र, परिवेश, भाषाशैली, दृष्टिबिन्दु लगायतका तत्त्वहरूको आवश्यकता पर्छ । यी तत्त्वहरूको उपयुक्त संयोजनबाट कथाले सुन्दर स्वरूप ग्रहण गर्छ ।

ऐतिहासिक दृष्टिमा हेर्ने हो भने कथा विधालाई मूलतः १९ औं शताब्दीको देन मानिन्छ । तथापि यसको इतिहासलाई यतिमै सीमित राख्न भने सकिँदैन । कथालाई मानव सभ्यतादेखि चलिआएको विधाका रूपमा समेत लिने गरिन्छ । अर्को शब्दमा मानवीय गतिविधि वा परिश्रमको सन्दर्भमा प्राप्त गरेको अनुभूतिलाई भन्ने र सुन्ने

१. नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर, Email: keshabbhusal.tu@gmail.com
Article history: Received on: Oct. 4, 2024; Accepted on: Dec. 12, 2024; Published on: Jan. 31, 2025
Peer Reviewed under the authority of THE ACADEMIA, journal of NUTAN, central committee, Kathmandu, Nepal, with ISSN 2350-8671 (Print).
Creative Commons Attribution-Non Commercial-No Derivatives 4.0 International License.

प्रक्रियासँग कथाको इतिहासलाई जोड्न सकिन्छ। यसरी अर्थ्याउँदा "कथालाई मान्छेको इतिहाससँग नजिक छ भन्न सकिन्छ र यो एउटा पुरानो विधा हो" (गौतम, २०६९, पृ.१)। त्यसैले यसलाई मानव सभ्यताको प्राचीन विधाका रूपमा लिने गरिन्छ। मानव सभ्यताको विकाससँगै संसारमा क्रमशः लोककथा, वैदिककथा, पौराणिक कथा, नीतिकथा आदि कथाहरूको विकास हुँदै आएको देखिन्छ। लम्साल, भट्टराई र कँडेल (२०७०) का दृष्टिमा आधुनिक कथाको प्रारम्भ इस्वीको १९ औं शताब्दीमा एड्गर एलेन पोले गरेका हुन्। मानव अस्तित्त्वको आरम्भदेखि नै मनिसले उसका आफ्ना साथीसङ्गीहरूसँग अभिव्यक्त गर्दै आएको आख्यानलाई कथा भन्न थालिएको पाइन्छ। यसलाई मानव सभ्यताको संवाहक भनिन्छ (आचार्य, २०६८)। मान्छेले आफ्नो जीवनका सुख, दुःख, प्रेम, घृणा, अनुभूति, विभिन्न आवेग, संवेगहरू तथा मानवीय संवेदनाका स्तरमा रहेका शाश्वत भावहरू एक अर्कोलाई सुनाउँदै र सुन्दै आउँदा तिनले लिखित रूप ग्रहण गरेपछि त्यसलाई कथा भन्न थालिएको मानिन्छ।

पाठ वा रचनामा वक्ता वा लेखकद्वारा प्रस्तुत सांसारिक जगत्सम्बद्ध विषयलाई उद्भावनात्मक सन्दर्भका रूपमा लिइन्छ। यसलाई अर्को शब्दमा कथाको क्षेत्र पनि भन्ने गरिन्छ। यसले भाषाद्वारा वर्णित सांसारिक परिस्थितिलाई जनाउँदछ। अर्थात् भाषाका माध्यमबाट व्यक्त स्थितिको सूचनालाई दर्साउँदछ। हालिडे (सन् १९८६) का अनुसार "क्षेत्र पाठ वा रचनामा प्रस्तुत विषयको अर्थका रूपमा देखा पर्छ। यसलाई कथ्य वा लेख्य अभिव्यक्ति वा पाठको अवधारणात्मक स्थितिका रूपमा पनि लिइन्छ। यसले प्राकृतिक संसार र हाम्रो मस्तिष्कअन्तर्गतको आनुभविक ढाँचा र तर्कको व्याख्या गर्दछ" (पृ. ५३)। पाठ वा रचनाको विषय वा क्षेत्र (फिल्ड) उद्भावनात्मक कार्य वा अर्थसँग सम्बन्धित हुन्छ। यसले कृतिको विषय, विचार, वातावरण, घटना र त्यसको समयलाई जनाउँदछ। यसबाट कृतिमा प्रस्तुत कुराको जानकारी प्राप्त गर्न सकिन्छ। हालिडे र हसन (सन् १९९१) का अनुसार पाठको क्षेत्र कृतिको विषय, कार्य, त्यसको प्रकृति, लक्ष्य, स्थान, सहभागीको संलग्नता (सहभागी केमा संलग्न छ ?) लगायतसँग सम्बन्धित हुन्छ र यो आनुभविक र तार्किक अर्थबाट व्यक्त हुन्छ। यस आधारमा क्षेत्रलाई आनुभविक र तार्किक अर्थको समुच्चयस्वरूप सृजित हुने विषय मानिन्छ।

आनुभविक अर्थ वक्ता वा लेखकको वास्तविक वा काल्पनिक संसारको अनुभवसँग सम्बन्धित हुन्छ। यसले पाठ वा रचनामा प्रस्तोताद्वारा प्रस्तुत कुनै विषय, घटना, अवस्था, व्यक्ति, वस्तु वा कार्यव्यापारलाई जनाउँदछ। हालिडे र हसन (सन् १९९१) का अनुसार यसअन्तर्गत भाषाले दर्साउने प्रक्रियाहरू, सहभागीहरू र परिस्थितिहरू पर्छन्। यीमध्ये प्रक्रियाअन्तर्गत घटना, कार्यव्यापार, अवस्था र समय, सहभागीअन्तर्गत व्यक्ति, वस्तु र विषय पर्दछन्। सङ्कथनमा निहित आनुभविक अर्थ अध्ययनका क्रममा वाक्य, वाक्यमा व्यक्त विषयलाई अवधारणात्मक स्थितिका रूपमा लिई सहभागी, प्रक्रिया र परिस्थितिका आधारमा व्याख्या-विवेचन गर्न सकिन्छ। साथै कृतिगत विषय र व्यक्त विचारलाई आधार मानेर पनि अध्ययन गर्न सकिन्छ।

तार्किक अर्थ पाठमा प्रस्तुत वाक्य-वाक्यका बिचको तर्कगत संयोजनसँग सम्बन्धित हुन्छ। यसले सङ्कथनमा व्यक्त अवधारणा (वाक्यीय अर्थ) का बिचको सम्बन्धलाई दर्साउँछ। हालिडे र हसन (सन् १९९१) का अनुसार यो भाषामा तार्किक तत्त्वबाट अर्थ व्यक्त गर्ने माध्यम हो। यसले बृहत् स्थिति (एकाधिक वाक्यमा निहित विषय) मा लघु स्थिति (कुनै एक वाक्य/वाक्यांशमा निहित) को संयोजनात्मक अवस्थाको जानकारी उपलब्ध गराउँदछ। यसमा वाक्यहरूका बिच निश्चित तर्कका आधारमा स्थापित सम्बन्धलाई नियाल्ने काम हुन्छ। तार्किक अर्थको सृजना निरपेक्ष, सापेक्ष संयोजक संयोजन र समानाधिकरण सम्बन्धका आधारमा हुन्छ। अर्थात् साङ्कथनिक अवधारणाका बिच निरपेक्ष-सापेक्ष संयोजकहरूले अन्तर्वाक्यीय तार्किक सम्बन्ध स्थापित गर्छन्।

फलस्वरूप पाठ वा रचनामा तार्किक अर्थको उपस्थापन हुन्छ। यी दुबै आनुभविक र तार्किक अर्थका आधारमा पाठ वा रचनाको विषय वा क्षेत्रको पहिचान र अध्ययन गर्न सकिन्छ।

स्नातक तहमा समावेश गरिएका कथाहरूमा निहित उद्भावनात्मक सन्दर्भका बारेमा उल्लेखनीय अध्ययन, अनुसन्धान नभएको वर्तमान परिवेशमा उद्भावनात्मक सन्दर्भका दृष्टिले स्नातक तहका कथाहरू केकस्ता छन् भन्ने जिज्ञासाको समाधानका लागि प्रस्तुत अध्ययन गरिएको छ। यसबाट कथनमा निहित उद्भावनात्मक क्षेत्रबारे नवीन तथ्य उद्घाटित हुने भएकाले प्रस्तुत अध्ययन उपयोगी हुने ठानिएको छ।

प्रस्तुत अध्ययनको मुख्य समस्या स्नातक तहमा समाविष्ट कथामा उद्भावनात्मक सन्दर्भ रहेको छ। यस अध्ययनका अन्य समस्याका रूपमा निर्दिष्ट कथामा निहित उद्भावनात्मक सन्दर्भको प्रकृति र स्थिति रहेका छन्। प्रस्तुत अध्ययनको मुख्य उद्देश्य स्नातक तहमा समाविष्ट कथामा निहित उद्भावनात्मक सन्दर्भको अध्ययन रहेको छ। यस अध्ययनका विशिष्ट उद्देश्यअन्तर्गत निर्दिष्ट कथामा निहित उद्भावनात्मक सन्दर्भको प्रकृति विश्लेषण गर्नु र तुलनात्मक अध्ययन गर्नु रहेका छन्।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन गुणात्मक अध्ययनमा आधारित रहेको छ। यस अध्ययनमा पुस्तकालयीय कार्यका माध्यमबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ। यस अध्ययनमा अङ्ग्रेजी तथा नेपाली सैद्धान्तिक सामग्रीहरूको अध्ययन गरिएको छ। जसलाई प्रस्तुत अध्ययनका मुख्य सैद्धान्तिक सामग्रीका रूपमा लिइएको छ। यसमा उद्भावनात्मक सन्दर्भको अध्ययनार्थ त्रिभुवन विश्वविद्यालय, स्नातक तहको अनिवार्य नेपाली विषयमा समाविष्ट आख्यानात्मक रचनाहरूलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ। जसअन्तर्गत विश्वेश्वरप्रसाद कोइरालाको 'एक रात', राजेन्द्र विमलको 'लङ्का काण्ड', पद्ममावती सिंहको 'आरुको बोट', ऋषिराज बरालको 'पछबरिया टोल' र महेशविक्रम शाहको 'गाउँमा गीतहरू गुञ्जिँदैनन्' कथाहरू रहेका छन्। द्वितीयक स्रोतका सामग्रीका रूपमा उद्भावनात्मक सन्दर्भसम्बद्ध पुस्तक तथा लेखरचनालाई लिइएको छ। प्रस्तुत अध्ययनमा सोद्देश्यमूलक तरिकाले त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली विषयमा समाविष्ट कथाहरू छनोट गरिएको छ। छनोट गरिएका कथाहरूबाट आवश्यक सामग्री सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ। व्याख्या विश्लेषणका क्रममा आवश्यकतानुसार उदाहरण प्रस्तुत गरिएको छ। यस अध्ययनमा कथामा व्यवहृत उद्भावनात्मक सन्दर्भको व्याख्या विश्लेषण गर्दा यससम्बद्ध सैद्धान्तिक मान्यताको अनुप्रयोग गरिएको छ। सैद्धान्तिक मान्यताअन्तर्गत भाषावैज्ञानिक हालिडे र हसनद्वारा प्रस्तुत उद्भावनात्मक सन्दर्भसम्बद्ध सैद्धान्तिक अवधारणालाई लिइएको छ।

## सैद्धान्तिक पर्याधार

पाठ वा रचनामा वक्ता वा लेखकद्वारा प्रस्तुत सांसारिक जगत्सम्बद्ध विषयलाई उद्भावनात्मक सन्दर्भका रूपमा लिइन्छ। यसले भाषाद्वारा वर्णित सांसारिक परिस्थितिलाई जनाउँदछ। अर्थात् भाषाका माध्यमबाट व्यक्त स्थितिको सूचनालाई दर्साउँदछ। हालिडे (सन् १९८६) का अनुसार "क्षेत्र पाठ वा रचनामा प्रस्तुत विषयको अर्थका रूपमा देखा पर्छ। यसलाई कथ्य वा लेख्य अभिव्यक्ति वा पाठको अवधारणात्मक स्थितिका रूपमा पनि लिइन्छ। यसले प्राकृतिक संसार र हाम्रो मस्तिष्कअन्तर्गतको आनुभविक ढाँचा र तर्कको व्याख्या गर्दछ" (पृ. ५३)। पाठ वा रचनाको विषय वा क्षेत्र (फिल्ड) उद्भावनात्मक कार्य वा अर्थसँग सम्बन्धित हुन्छ। यसले कृतिको विषय,

विचार, वातावरण, घटना र त्यसको समयलाई जनाउँदछ। यसबाट कृतिमा प्रस्तुत कुराको जानकारी प्राप्त गर्न सकिन्छ। हालिडे र हसन (सन् १९७६) का अनुसार पाठको क्षेत्र कृतिको विषय, कार्य, त्यसको प्रकृति, लक्ष्य, स्थान, सहभागीको संलग्नता (सहभागी केमा संलग्न छ ?) लगायतसँग सम्बन्धित हुन्छ र यो आनुभविक र तार्किक अर्थबाट व्यक्त हुन्छ। यस आधारमा क्षेत्रलाई आनुभविक र तार्किक अर्थको समुच्चयस्वरूप सृजित हुने विषय मानिन्छ।

**आनुभविक अर्थ** : आनुभविक अर्थ वक्ता वा लेखकको वास्तविक वा काल्पनिक संसारको अनुभवसँग सम्बन्धित हुन्छ। यसले पाठ वा रचनामा प्रस्तोताद्वारा प्रस्तुत कुनै विषय, घटना, अवस्था, व्यक्ति, वस्तु वा कार्यव्यापारलाई जनाउँदछ। हालिडे र हसन (सन् १९९१) का अनुसार यसअन्तर्गत भाषाले दर्साउने प्रक्रियाहरू, सहभागीहरू र परिस्थितिहरू पर्छन्। यीमध्ये प्रक्रियाअन्तर्गत घटना, कार्यव्यापार, अवस्था र समय, सहभागीअन्तर्गत व्यक्ति, वस्तु र विषय पर्दछन्। सङ्कथनमा निहित आनुभविक अर्थ अध्ययनका क्रममा वाक्य, वाक्यमा व्यक्त विषयलाई अवधारणात्मक स्थितिका रूपमा लिई सहभागी, प्रक्रिया र परिस्थितिका आधारमा व्याख्या-विवेचन गर्न सकिन्छ। साथै कृतिगत विषय र व्यक्त विचारलाई आधार मानेर पनि अध्ययन गर्न सकिन्छ।

**तार्किक अर्थ** : तार्किक अर्थ पाठमा प्रस्तुत वाक्य-वाक्यका बिचको तर्कगत संयोजनसँग सम्बन्धित हुन्छ। यसले सङ्कथनमा व्यक्त अवधारणा (वाक्यीय अर्थ) का बिचको सम्बन्धलाई दर्साउँछ। हालिडे र हसन (सन् १९९१) का अनुसार यो भाषामा तार्किक तत्त्वबाट अर्थ व्यक्त गर्ने माध्यम हो। यसले बृहत् स्थिति (एकाधिक वाक्यमा निहित विषय) मा लघु स्थिति (कुनै एक वाक्य/वाक्यांशमा निहित) को संयोजनात्मक अवस्थाको जानकारी उपलब्ध गराउँदछ। यसमा वाक्यहरूका बिच निश्चित तर्कका आधारमा स्थापित सम्बन्धलाई नियाल्ने काम हुन्छ। तार्किक अर्थको सृजना निरपेक्ष, सापेक्ष संयोजक संयोजन र समानाधिकरण सम्बन्धका आधारमा हुन्छ। अर्थात् साङ्कथनिक अवधारणाका बिच निरपेक्ष-सापेक्ष संयोजकहरूले अन्तर्वाक्यीय तार्किक सम्बन्ध स्थापित गर्छन्। फलस्वरूप पाठ वा रचनामा तार्किक अर्थको उपस्थापन हुन्छ।

यी दुबै आनुभविक र तार्किक अर्थका आधारमा पाठ वा रचनाको विषय वा क्षेत्रको पहिचान र अध्ययन गर्न सकिन्छ। जसअन्तर्गत कृतिमा प्रस्तुत विषय, घटना, सहभागी संलग्नता, स्थान, समय र अवधारणात्मक, तार्किक संयोजनको समीक्षण हुन्छ। आर्थी वर्गीकरणका दृष्टिले यसलाई बाह्य वा अभिधेय वर्गमा वर्गीकरण गर्न सकिन्छ।

## व्याख्या विश्लेषण

स्नातक तहको अनिवार्य नेपालीमा समाविष्ट कथाहरूमा निहित उद्भावनात्मक सन्दर्भलाई निम्नानुसार अलगअलग शीर्षकमा व्याख्या विश्लेषण गरिएको छ :

### 'एकरात' कथामा उद्भावनात्मक सन्दर्भ

कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित 'एक रात' कथा 'श्वेत भैरवी' कथासङ्ग्रहमा सङ्गृहीत छ। यस कथाको शीर्षक दुई शब्दे रहेको छ। यसमा रात शब्दले दिनको विपरीत अर्थलाई सङ्केत गरेको छ। यसले अभिधा वा सोझो अर्थका रूपमा रात्रिकालीन घटनालाई बुझाएको छ भने लक्षणा वा घुमाउरो अर्थमा अन्याय, अत्याचार, शोषण, दमन लगायतको सन्दर्भलाई बुझाएको छ।

एक रात कथामा जेलमा रहेको किशोरलाई मृत्युदण्डको फैसला सुनाएपछि त्यस रातमा घटेका घटनालाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ। विशेषतः किशोरको आन्तरिक हृदयतलमा घटेका सूक्ष्म घटनालाई कथावस्तुका रूपमा समेटिएको छ। झ्यालखानाको एक कुनामा एकतले मुन्डा घरको कालकोठरीमा थुनिएको किशोरको रात्रिकालीन जीवनबाट एक रात कथाको कथा आरम्भ भएको छ। हेमन्त ऋतुको जाडोमा एक डल्लो भएर राडीमा गुडुल्किएको किशोर मृत्युको पर्खाइमा रात बिताइरहेको छ। सहर आफ्नो रफ्तारमा शान्त छ भने जनताहरू आफ्नो निद्रामा मस्त छन्। रात सन्नाटाले छाएको छ। युवक भने आफूले भोग्दै गरेको मृत्युदण्डको खबरले सुत्न सकिरहेको छैन। ऊ पूरा तन्द्रा अवस्थामा देखिएको छ। यस्तै परिदृश्यमा आएको कमिस्नरले युवकलाई तिम्रो अन्तिम इच्छा र मनमा लागेका कुरा भन्न भन्छ। किशोर दृढ भएर, 'तमाम किशोर युवकहरूको जीवनमा मानवीय मर्यादा र सुख सम्भव हुन जाओस्' भन्दछ। त्यसै रातको पट्यारलाग्दो समयमा किशोर आफ्नो पारिवारिक अवस्था, आफ्नो गाउँले जीवन, किसान परिवार, आफ्नो अध्ययन, विवाह, राजनीतिक परिवर्तनका लागि आफू कसरी यस सन्दर्भमा सामेल भएँ जस्ता कुराको स्मरण गर्न पुग्छ। ऊ पारिवारिक दायित्व र राजनीतिक जिम्मेवारी दुवैलाई समानान्तर रूपमा अगाडि बढाउँदाका अप्ठ्यारा परिस्थितिबारे सोच्दछ। किशोरले आफ्नो बहिनी र श्रीमतीलाई अध्ययनमा लगाएको छ। कलेज जीवनदेखि नै क्रान्तिद्वारा प्रजातन्त्र ल्याउने सङ्घर्षमा लागेको किशोर बम हानेर तानाशाहलाई तर्साउने जिम्मा पनि आफूले लिएको, जेलमा बसेकै समयमा छोरा जन्मिएको जस्ता विगतका क्षणलाई स्मरण गर्दछ। माफी मागेको खण्डमा जेलमुक्त हुने कमिस्नरको प्रस्तावलाई स्वीकार गर्न नसक्ने किशोर आत्मसमर्पण गर्न मान्दैन। मनमा अनेक कुरा खेलाइरहेको बेला उसलाई कमिस्नरले बाहिर बोलाउँछ र ऊ बाहिर आउँछ। सबै व्यक्तिहरू लस्करै बाहिर निस्कन्छन् र किशोरले माफी नमागेका कारण फाँसी दिने निर्णयअनुसार ड्युटी पूरा गर्नुपर्ने कमिस्नरको भनाइमा किशोरले आफूले पनि ड्युटी पुरा गर्न गइरहेको भन्ने जवाफ दिन्छ। किशोर आत्मसमर्पण नगरी फाँसी चढ्दछ। उसको मृत्युमा सबै दुःखित भएको र बिहानीको उज्यालो प्रकाश देखिएको सङ्केतसँगै कथाको अन्त्य हुन्छ।

एक रात कथाको मुख्य उद्देश्य राजनीतिक सङ्घर्षको यथार्थ प्रस्तुत गर्नु रहेको छ। प्रस्तुत कथाले राजनीतिक परिवर्तनका लागि लड्ने युवाहरूले ढिलोचाँडो सफलता पाउँछन् भन्ने सन्देश प्रवाह गरेको छ। कथाले क्रान्ति गर्न सजिलो नभएको कुरा व्यक्त गर्दै राजनीतिमा लागेपछि व्यक्तिगत स्वार्थभन्दा माथि उठ्न सक्नुपर्छ भन्ने भाव प्रस्तुत गरेको छ। राजनीतिक अभियानमा लागेका योद्धाहरूले घरपरिवार, आफन्तभन्दा पनि देशको मुक्तिका लागि बढी काम गर्छन् भन्ने भाव कथाका मुख्य चरित्र किशोरका माध्यमबाट व्यक्त गरिएको छ। शासकहरूले जनतामा ज्यादती गरे पनि उनीहरूको अन्त्य निश्चित रहेको कुरा कथाले देखाएको छ। कथामा जतिसुकै जटिल परिस्थितिमा पनि मातृभूमिको रक्षा र स्वतन्त्रताका लागि मनस्थिति बलियो बनाउनुपर्छ भन्ने मूलभाव व्यक्त गरिएको छ। शासकहरूले आफ्नो सत्ता टिकाउनका लागि अनेकौँ खेल खेल्न सक्छन् भन्दै त्यस्ताको अन्त्य किशोर जस्ता युवाको हातबाट हुने छ भन्ने भाव व्यक्त गरिएको छ। तत्कालीन सङ्कीर्ण प्रशासनिक अराजकताको भण्डाफोर गर्दै उनीहरूको समाप्तिका लागि सङ्घर्ष गर्नुको विकल्प छैन भन्ने विचार कथाको मूलभाव बनेर प्रस्तुत भएको छ।

## 'लङ्का काण्ड' कथामा उद्भावनात्मक सन्दर्भ

कथाकार राजेन्द्र विमलद्वारा लिखित 'लङ्का काण्ड' कथा 'समयका आँखाभित्र' कथासङ्ग्रहमा सङ्गृहीत छ। पदावलीका रूपमा आएको कथाको शीर्षकले लङ्काभित्र हुने अप्रिय तथा नराम्रो घटना वा उत्पात वा अशान्तिको स्थितिलाई बुझाएको छ। लङ्का सत्य र असत्य अथवा निर्माण र ध्वंसका बिचमा युद्ध भएको स्थान हो। मानवताको पक्षमा उभिएको पात्र र मानवताभन्दा पर पहिचानको लडाइँमा सामेल भएका मधेशी समुदायले गरेको विद्रोह लङ्का काण्ड कथामा उल्लेख गरिएको छ। मधेशको भूमिलाई लङ्काको रूपमा चिनाइएको प्रस्तुत कथामा पहाडी र मधेशीको लडाइँलाई काण्डका रूपमा अर्थ्याइएको छ।

लङ्का काण्ड कथाले मधेश आन्दोलनको विषयवस्तुलाई कथावस्तुका रूपमा प्रस्तुत गरेको छ। मधेश आन्दोलनले जन्माएको जातीय, क्षेत्रीय तथा भाषिक विखण्डन र त्यसले पुऱ्याएको क्षति कथाको मूल विषय बनेर आएको छ। पहाडी-मधेशीको नाममा जातीय र क्षेत्रीय विखण्डन निम्त्याउनुको साटो सम्पूर्ण नेपालीले एकअर्काको अस्तित्वलाई आत्मसात् गर्न सक्नुपर्ने विषयलाई म पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ। कथाले पहाडी र मधेशी समुदायबिचको द्वन्द्वलाई प्रस्तुत गरेको छ। मधेशीको रक्षा र पहाडीको संहार गर्नुपर्ने आन्दोलनकर्ताको विचारमा कथाकारले असहमति प्रकट गरेका छन्। उनले मानवताभन्दा ठुलो केही नहुने भन्दै सबैमा एकत्वको भाव हुनुपर्ने विचार प्रकट गरेका छन्। मुर्दावाद र देश छोड जस्ता नाराले पहाडी र मधेशी दुवैको अस्तित्वलाई खतरामा पार्नुका साथै सम्पूर्ण देशलाई नै नोक्सान हुन सक्ने विचार कथामा व्यक्त गरिएको छ। प्रस्तुत कथामा पहाडी-मधेशी एक हुनु भनेको नेपाल र नेपालीको भलो हुनु हो भन्ने भाव कथावस्तुका रूपमा आएको छ।

मधेशी र पहाडी समुदायका बिच भएको विवादले उत्कर्ष रूप लिँदा नेपालगञ्जको भानु चोकमा रहेको आदिकवि भानुभक्तको सालिक मधेशीले र महाकवि विद्यापतिको सालिक पहाडीले ढालेको घटनालाई कथावस्तुका रूपमा प्रस्तुत गरिएको छ। ती दुवै घटनामा म पात्रले छेक्न खोजेको र ऊ घाइते भएको देखाइएको छ। यस घटनाका माध्यमबाट म पात्रले सामाजिक, जातीय र भाषिक एकता जोगाउन खोजेको प्रस्ट हुन आउँछ। धोती र टोपी मधेशी तथा पहाडी समुदायको पहिचान हो। यसलाई बचाउन दुवै समुदायले एकअर्कालाई हेपाहा दृष्टिले व्यवहार गर्नु हुँदैन भन्ने भाव कथामा प्रस्तुत गरिएको छ। भाइभाइको विवादले अर्को पक्षले फाइदा लिने र त्यसले हाम्रो अस्तित्वलाई सङ्कटमा पार्ने तथ्य कथाले उजागर गरेको छ। समग्रमा कथाले मधेश आन्दोलन र त्यसको प्रभावलाई कथावस्तुका रूपमा प्रस्तुत गरेको छ।

लङ्का काण्ड कथाले युद्धले कसैको पनि हित गर्दैन भन्ने मूलभाव व्यक्त गरेको छ। कथामा तराई र पहाडका बासिन्दाहरूको अनपेक्षित झैझगडाले सामाजिक सद्भाव खल्बलिएको र त्यसले जातीय एवम् भौगोलिक विखण्डन सिर्जना गर्न खोजेको कुरा व्यक्त गरिएको छ। हामी भूगोलका आधारमा विभाजित हुँदा धनजनको मात्र क्षति भएको छैन बरु हाम्रो हृदयमा पनि आघात पुगेको छ। हामी एउटै देशका नागरिक विभाजित भएर होइन एकआपसमा मिलेर, एकताबद्ध भएर अगाडि बढ्नुको विकल्प नभएको कुरा कथाले प्रस्तुत गरेको छ। पहाडी र मधेशी भन्दै भूगोलका आधारमा तथा धोती र टोपी भन्दै वेषभूषाका आधारमा विभाजित भइरहँदा विकासको मूल धारबाट वञ्चित भइरहेको कुरा सङ्केत गरिएको छ। हामीले आफ्नो चिन्तनलाई फराकिलो बनाउँदै टुक्रिने मानसिकताबाट होइन जोडिने, एकताबद्ध हुने मानसिकताबाट निर्देशित हुनुपर्छ भन्ने मूल भाव कथामा प्रस्तुत गरिएको छ।

प्रस्तुत कथाले नेपाल र विश्वभर फैलिएर बसेका नेपालीका बिचमा मेलमिलापको स्वरगुञ्जन आवश्यक भएको भाव व्यक्त गरेको छ। एकआपसको झैझगडाले कुनै पनि देश-समुदाय उन्नत बनेको इतिहास छैन। " हिमाल, पहाड, तराई" कोही छैन पराइ' भन्ने भावनाबाट अभिप्रेरित हुन कथाले आह्वान गरेको छ। मधेशी समुदायमा आदिकवि भानुभक्त र पहाडी समुदायमा विद्यापतिको उस्तै सम्मान हुनुपर्छ भन्दै भाषिक एवम् जातीय एकताको लागि आवबज उठाइएको छ। समग्रमा कथाले बहुजाति, भाषा, धर्म र संस्कृतिको सहकार्य र सहयात्रालाई अगाडि बढाउँदै जातीय एवम् भौगोलिक एकताका निम्ति आह्वान गरेको छ।

## 'आरुको बोट' कथामा उद्भावनात्मक सन्दर्भ

कथाकार पद्मावती सिंहद्वारा लिखित 'आरुको बोट' कथा 'कथादि' कथासङ्ग्रहमा सङ्गृहीत छ। आरुको बोट कथाको शीर्षक पदावलीका रूपमा आएको छ। यसले अभिधात्मक रूपमा प्राकृतिक रूखबिरुवाले दिने फललाई सङ्केत गरेको छ। प्रस्तुत कथामा प्रकृतिका अन्य फलफूलका बोट जस्तै आरुको बोट पनि बढ्छ, फुल्छ र फल्छ भन्दै त्यसको फललाई मान्छेले उपभोग गर्ने कुरालाई देखाइएको छ। यस कथामा जसरी आरुको जीवनचक्र बिरुवा, पल्लवी, फूल, फल र अन्ततः धोद्रो भएर सिद्धिन्छ त्यसरी नै मान्छेको जीवनचक्र पनि जन्म, यौवनावस्था हुँदै अन्ततः बुढो भएर सिद्धिन्छ भन्ने सन्दर्भ प्रस्तुत गरिएको छ।

आरुको बोट कथा साँझको समयबाट आरम्भ भएको छ। कथाकी पात्र रश्मि र मुना बगैँचामा डुलिरहेका हुन्छन्। उनीहरू आरुको बोटमा चाँडै फल लाग्ने वा नलाग्ने भन्ने विषयमा कुरा गरिरहेका छन्। यसै समयमा रश्मिकी हजुरआमाले रश्मि अब छिट्टै पर सर्दै (महिनावारी हुँदै) छे भन्ने कुरा व्यक्त गर्छिन्। यस कुराले रश्मिलाई लाज र मनमा काउकुती लाग्छ। ऊ बगैँचाको आनन्द लिँदै आफ्नो कोठाभित्र प्रवेश गर्छे। आरुको फूल र फलसँगै रश्मिको जवानी पनि फक्रँदै गएको कुराबाट कथाको विकासक्रम अगाडि बढ्छ। पहिलो पटक महिनावारी भएर ११ दिन गुफावास बसेपछि रश्मि बाहिर आउँदा आरुको बोटमा फुलेको फूल, फल हुँदै बिस्तारै पाक्दै गएर खान हुने अवस्थासम्म पुगको विषयवस्तु कथाको बुनोट बनेको छ। प्रस्तुत कथामा कथाकारले महिनावारी भएपछि गुफामा बस्दा रश्मिमा आएको परिवर्तन र आरुको बोटमा फलेका आरुका फल र ती पाकेर खानका लागि ठिक्क भएका अवस्थालाई वर्णन गरिएको छ। कथाकारले रश्मिको जवानी र आरुको बोटको तुलना गर्दै मानिसको जीवन पनि प्रकृतिभन्दा बाहिर नरहेको भाव व्यक्त गरेकी छन्। एकातिर आरुको फूल तथा फल र अर्कातिर मान्छेको जीवनमा त्यसको तादात्म्यलाई संयोजित गर्दै कथाको अन्त्य गरिएको छ। आरुको फलको जीवनचक्र तथा रश्मिको यौवन चक्रले कथालाई सुन्दर एवम् आकर्षक तुल्याएको छ। फक्रँदै गएको रश्मिको जवानीलाई आरुको रुखसँग दाँज्दै कथालाई मनोवैज्ञानिक रूपमा प्रस्तुत गरिएको छ। आरुसँगको प्राकृतिक सम्बन्धलाई रश्मिको मानवीय जीवनसँग अभिन्न देखाउनु प्रस्तुत कथाको खास पक्ष बनेको छ।

आरुको बोट कथा यौनमनोविश्लेषणलाई आधार मानी रचना गरिएको कथा हो। यस कथामा रश्मिको किशोरावस्थाको गतिशील चरित्रलाई आरुको बोटसँग सादृश्य गरेर प्रस्तुत गरिएको छ। जसरी प्रकृतिमा विरुवा, पल्लवी र सुन्दर फूल फुल्ने समय आउँछ उसैगरी युवायुवतीमा पनि उमेरको गतिसँगै सो क्रम आउने कुरा व्यक्त गरिएको छ। जसरी सुन्दर फूलको मोहिनीमा दर्शकहरू तानिन्छन् उसैगरी सुन्दर युवतीको यौवनमा पनि युवाहरू आकर्षित हुन्छन् भन्ने भाव कथामा व्यक्त गरिएको छ। प्रत्येक नवयुवतीहरूको चाहना आफू सुन्दर रहूँ भन्ने हुन्छ। सोही भाव रश्मिभित्र पनि पाइन्छ। आरुको फूलको रङ साँच्चै आकर्षण एवम् मनमोहक खालको हुन्छ।

प्रस्तुत कथामा आरुको फूलसँग महिनावारी हुनुको भाव सादृश्य गराइएको छ। आरु फल्नका लागि फूल अनिवार्य भए जस्तै युवतीमा सृष्टि वा सन्तान उत्पादनका लागि महिनावारी अनिवार्य रहेको भाव व्यक्त गरिएको छ। किशोरावस्थामा हुने शारीरिक एवम् मानसिक परिवर्तनलाई राम्रोसँग आत्मसात् गर्दै त्यस्ता परिवर्तन प्राकृतिक एवम् स्वाभाविक रहेको कुरा व्यक्त गरिएको छ। आरुको बोटमा फूल फुल्दा उत्पन्न प्राकृतिक सौन्दर्य र युवतीमा महिनावारी भएपछि आउने किशोर परिवर्तन निकै आकर्षक एवम् मनमोहक हुन्छ भन्दै यस्ता विषयमा कुण्ठा पाल्नु हुँदैन भन्ने सन्देश प्रवाह गरिएको छ।

## 'पछवरिया टोल' कथामा उद्भावनात्मक सन्दर्भ

कथाकार ऋषिराज बरालद्वारा लिखित 'पछवरिया टोल' कथा राजनीतिक विषयवस्तुमा आधारित रहेको छ। यस कथाको शीर्षकमा आएको पछवरियाले पश्चिमतिर र टोलले बस्ती अर्थात् पश्चिमतिर रहेको मानव बस्ती भन्ने अर्थ दिन्छ। पछवरिया टोल नामक बस्तीमा आफ्नै नाममा जग्गा नरहेका सत्तरी-असी जति घरहरू रहेका छन्। ती घरहरूमा बस्ने मानिसहरू अशिक्षित छन्। चुनावमा ५५१ भोट रहेको यस बस्तीमा विकास निर्माणको काम कहिल्यै नभएको तथ्य प्रस्तुत गरिएको छ। विकासबाट विमुख पछवरिया टोललाई नेताहरूले आफ्नै राजनीतिक स्वार्थसिद्धिको माध्यम बनाएका छन्। पछवरिया टोलका केही सचेत अगुवाले चुनाव बहिष्कार गर्ने निर्णय गरेको र सोही रात बस्तीमा आगलागी भई सम्पूर्ण बस्ती नै जलेर खरानी भएको घटना कथामा प्रस्तुत गरिएको छ।

पछवरिया टोल कथा तराईको भूगोललाई आधार बनाएर रचना गरिएको कथा हो। कथामा यस टोललाई विशेष गरी मुसहर जातिको बाहुल्य रहेको टोलका रूपमा व्याख्या गरिएको छ। मिश्रित जातिहरूको बसोवास रहेको यो ठाउँ आर्थिक सङ्कटको मारमा परेको छ। पहाड र तराईका मानिसहरू बसोवास गर्ने यस गाउँको प्रारम्भिक नाम मुसहर टोल राखिएको थियो। राजनीतिक परिवर्तनसँगै यस टोलको नाम कहिले पञ्चायत, कहिले रामलक्ष्मण, त कहिले नयाँ टोल राखिएको कुरा उल्लेख गरिएको छ। अन्तिममा यस टोलको नाम पछवरिया राखिएको छ। पछवरिया टोलका बासिन्दा अशिक्षित छन् भने उनीहरूको नाममा जग्गापुर्जा छैन।

पछवरिया टोलमा ५५१ मतदाता रहेकाले पार्टीका मान्छेहरू मत किन्नका लागि ओहोरदोहोर गरिरहेका छन्। छाप नं. १, छाप नं. २ र छाप नं. ३ राजनीतिक दलहरू भोट पट्याउन पछवरिया टोलमा आएका छन्। पछवरिया टोलका मानिसहरू यसभन्दा अगाडि चुनिएका नेताहरूले गाउँमा कुनै काम नगरेकाले यसपटक आफूहरू नझुक्किने र नेताहरूलाई भोट नबेच्ने अड्डी कसेर बसेका छन्। टोलका कतिपय नागरिकहरू भोट बहिस्कार गर्ने योजनामा पनि छन्। जति प्रयास गर्दा पनि आफ्नो पक्षमा भोट नआउने निश्चित भएपछि त्यस टोलमा आगो लगाएर सिङ्गो बस्तीमा आतङ्क मच्चाइएको छ। आगलागीमा परी धनसरी माईको मृत्यु भएपछि गाउँ नै शोकमा डुबेको छ।

सदियौँदेखि राज्य-प्रशासनबाट पिल्सिएको निम्न वर्गीय समाजको पीडालाई पछवरिया टोल कथाले उठाएको छ। टोलमा घर नहुनेलाई घर र जग्गा नहुनेलाई जग्गा दिने प्रलोभनमा नेताहरूले लाभ उठाउने गरेको तथ्यलाई कथामा प्रस्तुत गरिएको छ। चुनाव हुँदा मात्र गाउँ-टोलमा देखिने नेता चुनाव जितेपछि कहिल्यै नफर्कने र त्यसले जनता जहिल्यै विकास निर्माणका कार्यबाट पछि पर्ने सन्दर्भलाई कथाकारले राम्रोसँग सम्बोधन गरेका

छन् । पछ्वरिया टोल चुनावी नेताको प्रयोगशाला बनेको छ । अशिक्षित एवम् आर्थिक सङ्कटमा परेका पछ्वरिया टोललाई पैसाको प्रलोभनमा पारेर भोट किन्न खोज्दा अन्ततः टोल नै सखाप भएको छ । जनधनको क्षति हुने गरी कसले आगो लगायो भन्ने विषयमा सत्यतथ्य बाहिर नआए पनि सत्ता र शक्तिको आडमा घटनालाई ढाकछोप गरिएको सन्दर्भ प्रस्तुत छ । कथामा नक्कली अपराधी खडा गरेर राज्यले आफ्नै शक्तिको दम्भ प्रदर्शन गरेको छ । आगो निभेर धुँवा आइरहेको तथा शोकमा डुबिरहेको पछ्वरिया टोलका बासिन्दाले भोट माग्न आएका नेताले राखेको नाचगानको कार्यक्रम बहिष्कार गरेका छन् । यो घटनासँगै कथाको कथावस्तु अन्त्य भएको छ ।

पछ्वरियाको टोल कथाले पूर्वी तराईको पिछडिएको बस्तीको कथा प्रस्तुत गरेको छ। विकास निर्माण तथा राज्यबाट पाउनुपर्ने अन्य न्यूनतम सुविधासम्म पाउन नसकेको पछ्वरिया टोलले भोग्नुपरेको कहालीलाग्दो वास्तविक परिदृश्यलाई कथाले मूलभावका रूपमा प्रस्तुत गरेको छ। पहाडी र मधेशी समुदायको बसोवास रहेको पछ्वरिया टोललाई राजनीतिक नेतृत्वले आफ्नो स्वार्थसिद्धिको प्रयोगशाला बनाउँदै लगेको तथ्यलाई मूलभावका रूपमा प्रस्तुत गरिएको छ। राजनीतिका नाममा गरिब जनतामाथि केकसरी धोका भइरहेको छ भन्ने कुरा यस कथामा देखाएर त्यहाँको आर्थिक पछौटेपनलाई उजागर गरिएको छ ।

पछ्वरिया टोल कथाले चुनावी समयमा भएको चहलपहल र ज्यादतीलाई उदाङ्गो पारेको छ। दैनिकी चलाउन जोतिनुपर्ने, हातमुख जोर्न समस्या हुने, जग्गा भोगचलन गरे पनि जग्गाधनी पुर्जा नपाउँदाको पीडा आदिलाई कथामा प्रस्तुत गरिएको छ। कथामा जनता सङ्गठित हुनुपर्छ, सङ्गठित भएर उठाएको आवाजले शासकहरू पनि परास्त हुन बाध्य हुन्छन्, गरिब जनतालाई सहयोग गर्नुको सट्टा उनीहरूको उठिबास लगाउने राजनीतिकर्मीलाई नाङ्गेझार पार्नुपर्छ जस्ता पक्ष मूलभावका रूपमा आएका छन् । संसदीय व्यवस्थामा चुनावका बेला जनतालाई खरिद बिक्री गरेर चुनाव जित्ने र सत्तामा पुगेपछि चरम बेवास्ता गर्ने प्रवृत्तिको भण्डाफोर गर्नु कथाको मूलभाव तथा उद्देश्य रहेको छ ।

## 'गाउँमा गीतहरू गुञ्जिदैनन्' कथामा उद्‌भावनात्मक सन्दर्भ

कथाकार महेशविक्रम शाहद्वारा लिखित 'गाउँमा गीतहरू गुञ्जिदैनन्' कथा छापामारको छोरो नामक कथा सङ्ग्रहमा सङ्गृहीत छ। यस कथाको शीर्षक वाक्यात्मक संरचनामा आबद्ध रहेको छ। प्रस्तुत कथामा सशस्त्र जनयुद्धका क्रममा ग्रामीण जनजीवनमा परेको प्रभावबारे वर्णन गरिएको छ। सशस्त्र युद्धपूर्व शान्त रहेको गाउँ युद्धले भयावह अवस्थामा पुऱ्याएको तथा जताततै अशान्ति फैलिएसँगै शान्तिको आवाज बन्द हुँदै गएको तथ्य कथामा व्यक्त गरिएको छ। गाउँका मानिसहरूले गीत अर्थात् खुसीका आवाज व्यक्त गर्न छाडे भन्ने अर्थमा कथाको शीर्षक प्रस्तुत गरिएको छ । नकारात्मक भावार्थ दिने कथाको शीर्षकले तत्कालीन त्रासद समयको वर्णन गरेको छ । माओवादी तथा सरकारी पक्षका बिचमा चलेको सशस्त्र युद्धले गाउँले परिवेशलाई निकै त्रासद एवम् कहालीलाग्दो मोडमा पुऱ्याएको सन्दर्भ प्रस्तुत गरिएको छ ।

सानोबाबु नाम गरेको युवक पाँच-छ वर्षपछि काठमाडौँ सहरबाट गाउँ फर्केको घटनाबाट गाउँमा गीतहरू गुञ्जिदैनन् कथाको आरम्भ भएको छ। उसले आफ्नो पहिरन र हाउभाउ गाउँका मान्छे कसैले पनि नचिनुन् भन्ने अपेक्षा राखेको छ। आफ्ना बुढा हजुरबा र हजुरआमाको अन्तिम मुख हेर्न भनी ऊ गाउँ फर्केको छ। यो कुरा उसकी आमाले उसलाई चिठीमा भनेकी थिइन् । पूर्वपश्चिम राजमार्गमा ऊ ओर्लिएको छ र थप दुई गाउँ छिचोलेपछि उसले आफ्नो गाउँ भेट्याएको छ। बाटोमा भेटेका मान्छेहरूसँग पनि उसले

बनावटी आवाज निकालेर बोलेको छ। ऊ गाउँमा शून्यबाहेक केही पाउँदैन। पहिला-पहिला गाउँ आउँदाको उत्साह वर्तमान समयमा गाउँ आउँदा पाउँदैन। बाटामा छिटफुट रूपमा भेटिएका मान्छेहरू पनि खुलेर बोल्दैनन्। केही समय हिँडेपछि ऊ आफ्नो गाउँमा प्रवेश गर्छ। हिजो गाउँ छोड्दाताकाको रमाइलो गाउँमा भेट्टाउँदैन। ऊ अगाडि बढ्दै जाँदा उसले आफ्नो विद्यालय खण्डहर बनेको, टेलिफोनको टावर ध्वस्त भएको, आफ्ना साथीहरू नभेटेको, कोही मुग्लान पसिसकेको आदि भयावय दृश्यहरू देख्छ। साथी सुरजराम, फोलबा, बुधराम, लछुमन, चमेली र फेरुवाका घरहरू नियाल्दै आफ्नो घर पुग्छ। कसैमा पनि हिजोको जस्तो अपनत्व पाउँदैन। त्यसपछि सानोबाबु निराश, हतास र थकित भएर आफ्नो घरमा पुग्छ। अँध्यारो घरमा धेरैबेर चिच्याएर बोलाएपछि उसकी आमाले ढोका खोल्छिन्। आमालाई आफ्नै छोरा पनि चिनाउनु पर्छ। त्यसपछि आमाले हातमा समातेर उसलाई घरभित्र लग्छिन्। उसले आमा, हजुरबा र हजुरआमालाई एकएक गरी नियाल्छ र धेरैबेरसम्म गफगाफ गरेर रातिसम्म बिताउँछ। उसले रातभर आफ्नो गाउँघर, पाखापखेरो, साथीसङ्गी आदिलाई सम्भिन्छ। यस्तै कल्पनामा निदाउँछ र सपनामा यस्तै मिठामिठा कुरा देखेको समयमा गाउँमा बन्दुक पड्कन्छ । आमा गाउँमा बन्दुक पड्किएपछि छोरालाई राति नै घर छोड्न भन्छिन्। सानो बाबु आमाको वचनलाई काट्न सक्दैन र घर छाडेर निस्कन्छ। यससँगै कथाको अन्त्य हुन्छ।

यदि हामीले युद्धलाई सिध्याएनौँ भने युद्धले हामीलाई सिध्याउने छ भन्ने भाव नै यस कथाको मूल भाव हो। देशमा लामो समयसम्म छापामार युद्ध चल्यो जसले सुन्दर र शान्त भनिएका गाउँबस्तीहरू उजाड मात्र बनाएन, ठुलो धन र जनको क्षतिसमेत गरायो। युद्धले हाम्रो जनजीवन मात्र तहसनहस पारेन हाम्रा मनहरू पनि टुक्राटुक्रा पारिदियो। हरिया गाउँमा मरुभूमिका जस्ता बञ्जर र धुमिल दृश्यहरूको सिर्जना भयो। स्वच्छ हावा चल्ने गाउँमा बारुदका गन्धहरू आउन थाले। गाउँमा रहेका मानिसहरू विस्थापित भएर पलायन हुने अवस्था सिर्जना भयो। गाउँमा मान्छेको हाँसोरूपी गीत गुञ्जन छाड्यो। सबै एक प्रकारको मौनतामा बाँचेजस्तो मात्र लाग्यो। विशेष गरी युद्धले जतिसुकै सुन्दर भनिएका चिजहरू पनि ध्वस्त पार्दोरहेछ। जसरी सिरेठोमा जङ्गलहरू उजाड हुन्छन् र वसन्तमा पुनः मुनाहरू पलाउँछन् त्यसैगरी युद्धको सन्त्रासबाट पनि एक दिन नयाँ पालुवा, मुना पलाउने छन् भन्ने भाव सञ्चरण गर्नु नै यस कथाको मुख्य भाव रहेको छ। यस कथाले युद्धको विपक्षमा आवाज बुलन्द गरेको छ। जसलाई यसको उद्देश्य मान्न सकिन्छ।

समग्रतः स्नातक तहमा समावेश गरिएका कथाको उद्भावनात्मक सन्दर्भलाई निम्नानुसारको तालिकामा देखाउन सकिन्छ :

**तालिका एक : स्नातक तहमा समावेश गरिएका कथामा उद्भावनात्मक सन्दर्भ**

| **क्र. सं.** | **समाविष्ट कथाहरू** | **उद्भावनान्तक सन्दर्भ (क्षेत्र)** |
|---|---|---|
| १ | एक रात | राजनीतिक |
| २ | लङ्का काण्ड | राजनीतिक |
| ३ | आरुको बोट | यौनमनोविज्ञान |
| ४ | पछ्वरिया टोल | राजनीतिक |
| ५ | गाउँमा गीतहरू गुञ्जिदैनन् | राजनीतिक |

यसअनुसार स्नातक तह, प्रथम वर्षमा समावेश गरिएका अधिकांश कथाहरू राजनीतिक विषयवस्तुमा आधारित रहेका देखिन्छन् । यसरी एकै किसिमका वा एउटै प्रकृतिका कथाहरू समावेश गरिनुलाई उपयुक्त मान्न सकिँदैन ।

## निष्कर्ष

उल्लिखित व्याख्या विश्लेषणलाई दृष्टिगत गर्दा स्नातक तहमा समाविष्ट कथामा व्यवहृत उद्‌भावनात्मक सन्दर्भ सम्बन्धमा विभिन्न निचोड प्राप्त गरिएको छ। वस्तुतः स्नातक तहमा समावेश गरिएका कथाहरू एउटै प्रकृतिको उद्‌भावनात्मक क्षेत्रमा आधारित देखिन्छन्। यस तहमा समावेश गरिएका कथाहरूमध्ये चारओटा कथाहरू राजनीतिक विषयवस्तुमा आधारित हुनु र एउटा मात्र कथा यौनमनोवैज्ञानिक विषयवस्तुमा आधारित हुनुले यस कुरालाई पुष्टि गर्दछ। कुनै पनि तहमा समावेश गरिने कथाहरू विभिन्न प्रकृतिका हुनुपर्नेमा त्यसको अवलम्बन नहुनुले यस तहमा समावेश गरिएका कथाहरूको छनोटमा समस्या रहेको पाइन्छ। जसमा सुधार ल्याउनुपर्ने देखिन्छ। यस अध्ययनबाट प्राप्त यस किसिमको निचोडले स्नातक तहमा समावेश गरिएका कथाका कथाकार, अध्यापनरत शिक्षक, अध्ययनरत विद्यार्थीका अलावा यस क्षेत्रमा अध्ययन गर्न चाहने जोकोहीलाई पनि आवश्यकीय ज्ञान प्राप्त गर्न सघाउ पुऱ्याउने विश्वास लिइएको छ।

## सन्दर्भ सामग्री सूची

गौतम, लक्ष्मण प्रसाद (२०६९), नेपाली कथाको इतिहास, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

ढकाल, कल्पना (२०६३), मुलुक बाहिर उपन्यासको शैलीवैज्ञानिक अध्ययन, (स्नातकोतर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पाण्डे, राजाराम (२०६८), छिमेकी कथाको शैलीवैज्ञानिक अध्ययन, (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पौडेल, माधव प्रसाद (२०७८), प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू, काठमाडौं : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

पौडेल, कृष्ण विलास (२०७४), आधुनिक नेपाली आख्यान र नाटक, काठमाडौं : कालिञ्चोक पुस्तक प्रकाशन प्रा. लि ।

भण्डारी, पारसमणि र अन्य (२०७५), नेपाली गद्य र नाटक, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव (२०७८) प्रायोगिक भाषाविज्ञान : सङ्कथन, शैली र प्रकरणार्थविज्ञान, काठमाडौं : क्वेस्ट पब्लिकेसन ।

लम्साल, रामचन्द्र (२०७७), भाषिक विद्या शिक्षण, काठमाडौं : सनलाइट पब्लिकेसन ।

लामिछाने, यादवप्रकाश र लामिछाने, गीता (२०७६), नेपाली कथा र उपन्यास, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०७९), शैलीविज्ञान, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

हालिडे, एम. ए. के. (१९८६), एन इन्ट्रोडक्सन टु फङ्सनल ग्रामर, लन्डन : एडवार्ड आर्नोल्ड ।

हालिडे र हसन (सन् १९७६), कोहेजन इन इङ्गलिस, लन्डन : लङ्गम्यान ।

हालिडे, एम. ए. के. र हसन, आर. (सन् १९९१), ल्याङ्ग्विज कन्टेक्स्ट एन्ड टेक्स्ट : आस्पेक्ट अफ ल्याङ्ग्विज इन अ सोसिअल सेमिओटिक पर्सपेक्टिभ, लन्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।